"समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार"

गाउँसभामा बकैया गाउँपालिकाका उपाध्यक्ष श्री भक्तबहादुर खत्रीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/८३ को बकैया गाउँपालिकाको

# नीति तथा कार्यक्रम

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

२०८२ साल असार १० गते

Scanned with CamScanner

आदरणीय सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्यज्यूहरु,

१. यस एघारौं गाउँसभाको प्रथम बैठकमा सम्बोधन गर्दै गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवान्वित छु। यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि ईतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका बलिदानिपुर्ण संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।साथै, बेपत्ता योद्धा, घाईते अपाङ्ग सहिद तथा बेपत्ता परिवार एवम् मुलुकको राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने आदरणिय नेताहरुसहित सम्पुर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

२. नेपालको संविधान, संघ र प्रदेश सरकार एवम् यस गाउँपालिकाको आवधिक योजनाले परिलक्षित गरेका विषयहरु, दीगो विकासको लक्ष्य, राजनीतिक दलहरुको चुनावी घोषणा, महामहिम राष्ट्रपतिबाट २०८२ जेठ ५ मा संघीय संसदमा प्रस्तुत संघीय सरकारको नीति तथा कार्यक्रम, माननीय प्रदेश प्रमुखबाट २०८२ जेठ १४ मा बागमती प्रदेश सभामा प्रस्तुत बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, राजनीतिक दल र अन्य सरोकारवालाहरुबाट प्राप्त सुझावहरु, गाउँपालिकाको मौलिक विशेषता र स्थानीयबासीको आकाङ्क्षा, राजनीतिक दल र नागरिक समाजबाट प्राप्त सुझावहरु समेतको आधारमा सम्पूर्ण नागरिकको सर्वाङ्गीण हित गर्दै हालसम्म प्राप्त उपलब्धिलाई संस्थागत गर्दै विकास निर्माणलाई गति तथा रुपान्तरण गर्ने अठोटका साथ आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

३. गाउँपालिकामा ऐलानी जग्गामा बसोबास गर्दै आएका अव्यवस्थित बसोबासी, भूमिहिन दलित तथा भूमिहिन सुकुम्वासीहरुलाई जग्गा धनि प्रमाण पत्र उपलब्ध गराउने कार्यक्रम अन्तर्गत लगत संकलन भई नापीनक्साको कार्य भईरहेकोमा उक्त कार्य आर्थिक वर्ष २०८२/८३ सम्पन्न गरी कम्तिमा आफ्नो तथा परिवारको नाममा समेत कुनै जग्गा नरहेका भूमिहिन दलित तथा भूमिहीन सुकुम्वासीहरुलाई भूमी समस्या समाधान आयोगसँग समन्वय गरी जग्गा दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्यक्रमलाई पूर्णता दिइनेछ ।साथै २०३२ साल भन्दा अगाडि नाप नक्सा भई हालसम्म जग्गा दर्ता प्रमाणपुर्जा प्राप्त नभएको जग्गाहरुको जग्गा दर्ता प्रमाणपुर्जा प्रदान गर्न सम्बन्धित निकायमा आवश्यक थप पहल गरिनेछ ।

४. राजश्व संकलनलाई व्यवस्थित वनाउदै राजश्व चुहावट नियन्त्रणको लागि राजश्व सम्वन्धि Revenue Module of SuTRA (रेभेन्यु मोडुल अफ सुत्र) प्रणालीलाई पालिका तथा वडा स्तरमा थप प्रभावकारी वनाइनेछ।साथै करको दायरा विस्तार गर्दै आन्तरिक आयको योगदान क्रमश वृद्धि गर्नको लागि सम्पूर्ण मुल्य अभिवृद्धी करमा फाईलिङ्ग भएका करदाताहरुको लागि कर संकलन केन्द्रमा VCTS प्रणालीलाई अनिवार्य गरिनेछ।

५. संघीय सरकार र प्रदेश सरकारबाट सञ्चालर्न हुने योजनाहरुमा प्राकृति स्रोत साधन(दहत्तर बहत्तर) प्रयोग बापतको राजस्व प्रचलित कानुन बमोजिम अनिवार्य गरिनेछ।साथै, राष्ट्रिय गौरव तथा महत्वको आयोजनाहरुमा समेत यस पालिकाबाट खपत हुने प्राकृति स्रोत साधन(दहत्तर बहत्तर) प्रयोग बापतको राजस्व योजनाको परिमाणमा उल्लेख भए बमोजिम लिइनेछ।

६. बागमति नदीबाट बकैया गाउँपालिका अन्तर्गत रहेको वडा नं ८, ९ र १० का विभिन्न भूभागहरुमा सिंचाईको लागि बागमति-अम्बास-बस्तिपुर-शिखरपुर बृहत सिंचाई आयोजना संचालनको लागि सम्भाव्यता अध्ययन (Fesibility Study) सम्बन्धित निकायको सहकार्यमा विस्तृत परियोजना प्रतिवेदनको लागि पहल गरिनेछ ।

७. चिलखोला ठिंगन खानेपानी योजना, ख्याकु खानेपानी योजना लगायत तथा अन्य महत्वपूर्ण खानेपानी सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भीमफेदी, मकवानपुर बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

८. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्दै पालिकाको आयमा पर्यटन क्षेत्रको योगदान बढाउन बकैया खोलाको बकैया वडा नं. ६ र ७ ठुलो सुषा तथा अधेरी स्कुल टोल क्षेत्रमा इथाम बाँधि तालको रुपमा विकास गर्दै सो क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न प्रदेश तथा संघीय सरकार सँग थप समन्वय गरिनेछ ।

९. पालिका तथा वडा स्तरमा उपभोक्ता समितिबाट संचालन हुने योजनाहरु सम्झौता तथा भुक्तानीकोलागि दुई पटकमा पालिकाबाट कार्य सम्पन्न हुने व्यवस्था मिलाइनेछ ।साथै योजना सम्झौता हुँदा योजना किताब उपभोक्ता समितिलाई वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१०. पालिकामा शान्ति सुरक्षा कायम गर्न, गराउन नगर प्रहरी परीचालन गरी थप सुव्यवस्थित बनाई शान्ति तथा सुरक्षालाई थप प्रभावकारी बनाउन नगर प्रहरी लाई रासनको प्रबन्ध मिलाई २४ सै घण्टा कामकाजमा खटाउने व्यवस्था मिलाईनेछ ।

११. बकैया गाउँपालिकाको सेवाप्रवाहलाई पालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवनबाट चुस्त, दुरुस्त र सहज रुपमा सञ्चालन गर्न आवश्यक साधन स्रोतको व्यवस्था गरी यसै आर्थिक वर्षबाट प्रविधि तथा सेवाग्राहीमैत्री सेवा प्रवाह गरिनेछ ।

१२. वडा, विषयगत क्षेत्र तथा संस्थाहरुबाट माग भई आएका योजनाहरुको संकलन तथा वर्गीकरणका आधारमा प्राथमिकिकरण गरी क्रमशः सञ्चालन गर्दै लगिनेछ ।

१३. पालिकाको पञ्च वर्षे योजनाको समिक्षा गरिनेछ । सोको आधारमा आगामि आवधिक योजना तर्जुमा गरिनेछ ।

१४. गाउँपालिकाको त्रैमासिक रुपमा विषयगत समिति, विषयगत शाखा तथा वडा कार्यालयको वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि तथा प्रगति प्रतिवेदन उपर समिक्षा गर्ने व्यवस्था मिलाइनेछ।

१५. स्वच्छ खानेपानी माथि सबैको पहुँच सुनिश्चितताको लागि WASH Plan को आधारमा खानेपानीका स्रोतहरु पहिचान गरी थप योजनाहरु संचालन गर्दै ***एक घर एक धारा*** नीतिलाई निरन्तरता दिईनेछ।साथै आवश्यक कानुन निर्माण गरी खानेपानी बोर्ड मार्फत पालिका भित्रका सम्पूर्ण खानेपानी योजनाहरु सञ्चालन तथा मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

१६. विपद् कारणले जोखिममा रहेको १० नं वडा कार्यालय तथा धुवाकोट प्राथमिक विद्यालय लगायत अन्य सरकारी कार्यालयहरुलाई सुरक्षित स्थानको पहिचान गरी स्थानान्तरणको व्यवस्था मिलाइनेछ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

१७. सार्वजनिक सेवामा युवा जनशक्तिलाई आकर्षित गर्न **Know your Local Government** कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । जसको लागि पालिका तथा वडा कार्यालयहरुमा कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरुलाई कम्तिमा ३ महिना सम्मको **internship** (ईन्टर्नसिप) कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१८. सेवा प्रवाहलाई थप प्रभावकारी र व्यवस्थित बनाउन न्यायिक इजलासबाट प्रत्येक सोमबार न्यायिक कार्यसम्पादन गर्ने प्रबन्ध मिलाइनेछ। साथै योजना अनुगमनलाई नियमित गर्न प्रत्येक हसाको बिहिबार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।

१९. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिका तथा पालिका अन्तर्गतका सबै सरकारी निकायहरुमा विद्युतीय हाजिर (e-Attendance) को प्रयोगलाई प्रविधिको क्षेत्रमा आएको परिवर्तन सँगै अध्यावधिक गरिँदै लगिनेछ। साथै पालिका तथा वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको प्रयोग क्रमश: व्यवस्था गर्दै लगिनेछ ।

२०. बकैया तथा सिमात खोला करिडोर निर्माणको लागि आवश्यक थप पहल गरिनेछ । साथै बागमती नदी, सुकौरा खोला, ठाँटी खोला, हिरामुनी खहरे, चम्पाखहरे, सुनाचुरी खोला, धन्सार खोला करिडोर, चाँदखोला लगायतका खोलाहरु नियन्त्रण गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

२१. हरेक वडाको एक टोल विकास संस्थालाई सरसफाईमा नमूना टोल विकास संस्थाको रुपमा विकसित गर्दै पुरस्कृत गर्दै लगिनेछ ।

२२. गाउँपालिका भित्रको फोहोर मैला व्यवस्थापनको लागि उचित स्थान पहिचान गरी फोहर मैला व्यवस्थापन स्थल निर्माण कार्य अध्ययन गरि यसै वर्षबाट अघि बढाइनेछ ।

२३. स्थानीय भाषा, कला, साहित्य संस्कृति, पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण तथा सम्वर्द्धन गर्न संग्रहालय निर्माण गरि आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ नीतिलाइ निरन्तरता दिइनेछ । साथै तामाङ, घले र माझी संग्रालय निर्माण कार्यको लागि प्रदेश तथा संघ सरकारसँग आवश्यक पहल तथा समन्वय गरिनेछ।

२४. गाउँपालिका स्तरीय बकैया वाङमय प्रतिष्ठान गठन गरिनेछ । साथै प्रतिष्ठानको भौतिक संरचना निर्माणको लागि स्थान पहिचान गरी आवश्यक प्रक्रिया अगाडी बढाउने व्यवस्था मिलाइनेछ ।



गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

Scanned with CamScanner

२५. जोखिममा रहेका बस्तीहरुको पहिचान गरि आवश्यकता अनुसार संरक्षण, सम्बर्द्धन तथा स्थानान्तरणका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक पहललाइ निरन्तरता दिइनेछ।

२६. विकासमा नागरिकको सहभागिता सुनिश्चितता गर्न सहभागितामूलक विकास निर्माण पद्धति अबलम्बन गरिनेछ । सो को लागि सबै वडामा निर्माण भएका टोलविकास संस्थाहरुको सस्थागत क्षमता अभिवृद्धि गर्न विउँ पूँजी उपलब्ध गराई थप टोल विकास संस्थाको भूमिकालाई थप सशक्त बनाइनेछ ।

२७. उपभोक्ता समितिबाट संचालन हुने योजनाहरुमा उपभोक्ताहरुको अनिवार्य लागत साझेदारीलाई थप व्यवस्थित बनाइनेछ ।साथै लागत साझेदारीको अनुपात क्रमश: वृद्धि गर्दै लगिनेछ। विकास निर्माणमा नागरिकको सहभागिता अभिवृद्धि गर्न श्रमदानलाई प्रोत्साहन गरिनेछ ।

२८. उपभोक्ता समिति र टोल विकास संस्थाहरुलाई विकास निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्नको लागि क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२९. गाउँपालिका क्षेत्रको सार्वजनिक जग्गाहरु पहिचान, संरक्षण, सम्बर्द्धन तथा उपयोगको लागि सम्बन्धित वडा समिति, वडा कार्यालय तथा टोल विकास संस्थाहरुलाई थप जिम्मेवार बनाईनेछ ।

३०. गाउँपालिकाको मुख्य सडकहरु हात्तीसुँडे-शिखरपुर-मन्थली हुदै ललितपुर जोड्ने सडक, ठिंगन-हात्तीसुडें सडक, सिमात-घुम्ती-थली-गोठखोला हुदै मदनभण्डारी लोकमार्ग भिरकोट-कान्द्राङ-मामदमार-तीनभंगाले दोभान-विजलडाँडा हुदै महेन्द्र राजमार्ग जोड्ने सडक, श्रीपुर-कर्मचुली-सुधा-ज्यामिरे-गढवान हुदै मधेश प्रदेश जोड्ने सडक, बकैया ६ दोभान-सिंगापुर-माथिल्लो ज्यामिरे-गवरस्थान हुदै रतनपुरी जोड्ने सडक, बागदेव- जमुनाफेदी-सरस्वती ट्वाङ ट्वाङ हुदै २ नम्बर वडा कार्यालय जोड्ने सडक, माथिल्लो भिरकोट-हात्तिखोला-माटोखोरी-कत्लेखोला-मामदमार-हिरामुनी कोलखहरे रिङ्गरोड, कोलखहरे-हिरामुनी-कुवापानी धनसय हुँदै बागमती जोड्ने सडक, तिनतले भडौरा भित्रिस्वारा हुदै गढिगापा जोड्ने सडक, ढुङ्ग्रे खजुली दमार गोठडाडा वस्तिपुर हुदै वडा कार्यालय जाने सडक, बकैया ४ मदन भण्डारी राजमार्ग हुदै बकैया ११ मोरङ्ग हुदै आहाले जोड्ने सडक, भिमसेन दमार ठाटीखोला माझिखोला सिर हुदै बकैया ११ मानेडाँडा जोड्ने सडक, बकैया ७ मामदमार हुदै जम्मुखोला गोत्रे बकैया २ कालापानी हुदै बागमति गापा धन्सार जोड्ने सडक, ठिंगन गैरीगाउँ असिमुरे नौखुम्ले दर्शा घरे अम्बास हुदै वेतिनी जोड्ने सडक, हात्तिसुडे राईटोल हुदै



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

वडा कार्यालय हुदै पिप्ले बनमारा जोड्ने सडक, सुग्रा-साततले हुँदै दोभान जोड्ने सडक तथा विजलडाँडा-धियाल पाइदुरे सडकलाई मुख्य सडकको रुपमा विकास गरि क्रमश: स्तर उस्तरोन्नती गरिदै लगिनेछ। रंगेडाँडा कृषि सडक, हात्तीसुडें- सिरसिरे- च्याउच्याउ, भैरुङ दोभान कुन्चिपोकल खोरभन्ज्याङ, वडा कार्यालय हुँदै माथिल्लो सिमात मोरङ्गे सडक, चुनढूंगा बयाटार छाप्रेडाँडा, फ्याकु बागफल बागमती गाउँपालिका जेड्ने सडक, जलजले चम्पाखहरे हुँदै चपुर सम्म जोड्ने सडकलाई स्तरोन्तिको लागि पहल गरिनेछ । साथै प्रत्येक वडा केन्द्र देखि प्रत्येक गाउँसम्म न्यूनतम मापदण्ड अनुसारको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

३१. बकैया गाउँपालिकामा उपलब्ध रहेको हेभि ईक्विपमेन्ट (Backhoe Loader) को आवश्यकतानुसार प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।साथै शाखा बाटोहरु, अफ्ठ्यारो उकालो तथा घुम्ती सडकहरुमा स्ल्याब ढलान र पीचको कार्यलाई प्राथमिकताका आधारमा निरन्तरता दिईनेछ ।

३२. दीगो र भरपर्दो सडक पूर्वाधार निर्माणको लागि गुणस्तर मापन गर्न पालिकामै मिनिल्यावको स्थापना गरी भौतिक पूर्वधारको न्यूनतम मापदण्डको पालनालाई अनिवार्य गरिनेछ ।

३३. बकैया गाउँपालिका भित्र विधुतको पहुँच नपुगेको क्षेत्र पहिचान गरी विधुत सेवा उपलब्ध गराउन आवश्यक थप पहल गरिनेछ।साथै काठको पोल हटाउने तथा भोल्टेज सुधारको लागि सम्वन्धित निकायसँग थप आवश्यक पहल गरिनेछ ।

३४. वैकल्पिक उर्जाको लागि सम्भाव्यता अध्ययन गर्न साझेदार संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।साथै वैकल्पिक उर्जा विकासमा लगानीको लागि प्रस्ताव आव्हानलाई निरन्तरता दिइनेछ ।साथै विघुतीय सवारी साधनको बढ्दो चापलाई मध्यनजर गर्दै पालिका स्तरमा विघुतीय चार्जिङ स्टेशन सञ्चालन गर्ने नीजि कम्पनी तथा संघ संस्थाहरुलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३५. बकैया गाउँपालिका भित्र आवश्यकता अनुसार पक्कीपुल, वेलीवृज तथा झोलुङ्गे पुल निर्माणको लागि संघ तथा प्रदेश सरकार र अन्य संघ संस्थाहरुसँग समन्वय गरि अघि बढाईने कार्यलाई निरन्तरता दिईनेछ। साथै चम्पाखहरे खोलामा पक्की पुल, बसन हात्तीसुडें शेरखोला झोलुङ्गेपुल, बकैया ११ कत्लेखोला पुल, बकैया ५ खुर्सानिवारी कत्लेखोला पुल, ठाटीकुना माझिखोला शिर पक्किपुल, जुनेलि वस्ती पक्किपुल, गरगरे र पावस जोड्ने पक्किपुल, बकैया ७ मामदमार खोला कालापानी खोला पुल, बकैया ७ र २ जोड्ने, कत्लेखोला पुल, बकैया ७ ज्यामिरे खोला पुल,



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुडें, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

बकैया ६ कत्लेखोला पुल, बकैया ८ बङ्दाखोला र अखैलेखोला पक्कि पुल, भिमसेनदमार पिपले जोड्ने पुल, बकैया १० डुडेखोला बेलिवृज निर्माणको लागि थप पहल गरिनेछ ।

३६. बकैया गाउँपालिका भित्र रहेका पक्कीपुल, वेलीवृज तथा झोलुङ्गे पुलहरुलाई मर्मत सम्भार गरि व्यवस्थित रुपमा सञ्चालन गर्न बजेटको व्यवस्था गरिनेछ ।

३७. भवन निर्माणलाई व्यवस्थित गर्न तयार भएको गाउँपालिकाको शहरी विकास मापदण्ड तथा भवन निर्माण संहिता अनिवार्य रुपमा लागू गरी घर नक्सा पास कार्यलाई व्यवस्थित गरिनेछ।

३८. विद्युत विस्तार हुन बाकी वडा तथा स्थलहरुमा विद्युत विस्तारको लागि आवश्यक समन्वय गरिनेछ ।

३९. सामुदायिक वन उपभोक्ता समितिहरुको लागि वन तथा समुदायमा आधारित अभिमुखिकरण तथा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै सामुदायिक वन उपभोक्ता समितिहरुलाई व्यस्थित वनाउदै संरक्षण सम्वर्धन र उत्पादन, उपभोग तथा जीविकोपार्जनको लागि आय आर्जन वृद्धि विकास गर्नको लागि छुट्टै शाखाको स्थापना गरिनेछ ।

४०. चट्याङ्ग संवेदनसील क्षेत्रमा लाईटिङ्ग एरेष्टरको प्रयोग गरि चट्याङ्बाट वर्षेनी भइरहेको मानवीय क्षतिलाई न्यूनीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४१. सामुदायिक वनहरुसँगको सहकार्यमा वन तथा जलधार क्षेत्रको संरक्षणका साथै वनजङ्गलमा लोप हुँदै गएका जडिबुटी तथा फलफुलजन्य बोटविरुवाहरुको संरक्षण तथा संवर्द्धन गर्न थप पहल गरिनेछ।

४२. यस गाउँपालिकाको दक्षिण भाग स्थित वडा नं. १ को श्रीयली, ख्याकु, मोरङ्गे, ईपिलवस्ती, रजुवा वडा नं. २ को धरापे र मोहरी तथा वडा नं. ६ को भालुखोला, भक्तलाल, बुङ्जर, रामथली, उपचौरथली, खोपिल्टो, गडवान, गवरस्थानसङ्ग बारा तथा रौतहट जिल्लाको सीमा सम्वन्धी समस्या रहेकोमा सो समस्या निरुपणको लागि नेपाल सरकार तथा सम्बन्धित निकायहरुसँग समन्वय तथा आवश्यक पहल कार्यलाई निरन्तरता दिइनेछ ।

४३. गाउँपालिकाका विभिन्न स्थानहरुमा सार्वजानिक शौचालय तथा प्रतिक्षालय निर्माण कार्यलाई यथाशिघ्र अगाडि बढाईनेछ।

४४. नागरीकको जनजीवनलाई सहज बनाउदै वडा कार्यालय सम्म सहज रुपमा आवतजावत गर्न बकैया २ मुल सडकको रुपमा रहेको जमुनाफेदी, सरस्वति,



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

तिनथुम्के, टोइटोङ, वडा कार्यालय हुँदै हाँत्तिसुडे जोड्ने सडकलाई बाह्रै महिना संचालमा ल्याउन पहल गरिनेछ ।

४५. बकैया गाउँपालिकामा सार्वजनिक-नीजि साझेदारीमा मझौला तथा ठूला उद्योग सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

४६. नियमित रुपमा समीक्षा, सार्वजानिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनलाई प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४७. सार्वजानिक सेवा प्रवाहलाई जनमैत्रि तथा सेवा मैत्रि बनाउन विधुतीय शासनको उपयोगितालाई बढाईनेछ। ईन्टरनेट सेवाको गुणस्तरियता अभिवृद्धि गर्दै क्षेत्र विस्तारको लागि आवश्यक पहल गरिनेछ ।

४८. चालु खर्च कटौती गर्दै खर्चमा मितव्ययिता अपानाईनेछ साथै भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलताको नीति अवलम्वन गरिनेछ। वेरुजु नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

४९. निष्पक्ष र पारदर्शी न्यायीक प्रक्रिया सुनिश्चित गर्दै न्यायिक अभिलेखलाई व्यवस्थित बनाईनेछ ।

५०. न्यायमा समान पहुँच स्थापित गर्न वडास्तरीय मेलमिलाप केन्द्रलाई प्रभावकारी बनाईनुका साथै मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

५१. पालिका अन्तर्गत करार सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

५२. कृषि तथा पशुपालन क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सामूहिक, सहकारी तथा कम्पनी/फर्म मोडलको कृषि व्यवसायलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै कृषि तथा पशुपंक्षिजन्य उत्पादन बृद्धि गर्न किसानहरुलाई उत्पादनमा आधारित अनुदानलाई समेत थप प्रोत्साहन गरिनेछ ।

५३. कृषि तथा पशुजन्य उत्पादनलाई प्रोत्साहन गर्न पालिकाले उत्पादित कृषि तथा पशुजन्य उपजको खरीद विक्रीको सुनिश्चित गर्ने नीतिलाई निरन्तरता दिनको लागि



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाँत्तिसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

बकैया कृषि औद्योगिक ग्राम क्षेत्रमा स्थापना भएको बकैया कृषि उपज खरीद बिक्री तथा संकलन केन्द्रलाई व्यवस्थित बनाउदै कार्य क्षेत्र थप विस्तार गरिनेछ।

५४. बकैया कृषि उपज खरीद बिक्री तथा संकलन केन्द्र मार्फत दुग्ध सहकारी संस्थाबाट दुध खरिद गरी शिवपुरी फ्रेस डे डेरीलाई बिक्री वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै उत्पादित दुध तथा दुग्धजन्य परिकार उत्पादन तथा बिक्री वितरण कार्यको लागि अन्य सम्भावित क्षेत्रसंग सहकार्य गरिनेछ ।

५५. बकैया गाउँपालिका भित्र उत्पादित दूधको लागि भण्डारण सहितको चिस्यान केन्द्र बकैया कृषि औद्योगिक ग्राममा निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

५६. बकैया गाउँपालिकामा मासु तथा दुध उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बिक्री वितरण तथा निर्यात गर्नको लागि राँगा तथा भैंसी पालन प्रवर्धन कार्यक्रम संञ्चालन गरिनेछ ।

५७. खोरेत रोग नियन्त्रणको लागि जोनिङ एण्ड कम्पार्टमेन्टलाइजेसन (Zoning and Compartmentalization) कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि संघीय तथा प्रदेश सरकार समेतको सहयोगमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५८. निजी क्षेत्रको सहभागितामा कृषि उपजको उत्पादन तथा उत्पादकत्वको लागि बजार संरचना निर्माण र सञ्चालनमा साझेदारी गरिनेछ । कृषि, पशुपन्छी तथा मत्स्य उत्पादनको बजारीकरणको लागि प्रभावकारी संयन्त्रको निर्माण गरिनेछ।

५९. गाउँपालिकालाई कृषिजन्य तथा पशुपालनजन्य उत्पादनमा आत्मनिर्भर बनाउन बकैया साईलेज तथा दाना उद्योगलाइ थप व्यवस्थित बनाई उक्त उद्योगबाट उत्पादित दाना तथा साइलेज बिक्री वितरण कार्यलाई थप प्रभावकारी बनाइनेछ। साथै गाउँपालिका भित्रका कृषकलाई साइलेज खरिदमा उचित अनुदानको व्यवस्था मिलाइनेछ।

६०. कृषि तथा पशुजन्य उत्पादनलाई लामो समयसम्म भण्डारण गर्न बकैया कृषि औद्योगिकग्राम क्षेत्रमा शित भण्डार (Cold Store) निर्माण गरिनेछ ।

६१. बकैया कृषि औद्योगिक ग्राममा दोस्रो चरणको योजना अनुरुप TMR उद्योग, कस्टम हायरिङ्ग सेन्टर, प्राङ्गारिक मल उद्योग कारखाना तथा घाँसको नर्सरी, गाई फर्म लगायतका भौतिक संरचाना निर्माणलाई संघीय सरकार तथा प्रदेश सरकार सँग सहयोग, सहकार्य तथा साझेदारीमा निर्माण गरी सञ्चालनमा ल्याउने नीति अवलम्वन गरिनेछ ।साथै निजी क्षेत्र,सहकारी तथा स्थानीय सरकारको साझेदारीमा सञ्चालन गर्नको लागी सार्वजनिक निजि साझेदारीको नीति लिईनेछ ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

६२. मुख्य फलफुल, अन्न बाली तथा तरकारीको उन्नत बीउबिजन प्रदर्शनीको लागि ***कृषि प्रदर्शनी केन्द्र लाई*** थप व्यवस्थित गरिनेछ ।

६३. चपकी, तारुवास, चुनढुङ्गा, महादेवडाडाँमा रेन्बो ट्राउट माछा पालनको लागि सम्भाव्यता अध्ययनको लागि थप पहल गरिनेछ ।

६४. बकैया १० को गैरीगाँउ नौखामे धुवाकोट सिस्नेलाइ अलैची र मन्थली चन्थली दशघरेलाई कफी पकेट क्षेत्र, बकैया १२ को रातोमाटे, चारघरे, चुन ढुङ्गा, कोलखोप, धेत्रेलाई रैथाने सीमि संरक्षण तथा पकेट क्षेत्र तथा निगाले, गोदाम डाडाँ, तीनघरे, धारापानीलाई तथा बकैया ११ कुन्जिपोकल सिमात, आहाले राधाहिल्स क्षेत्रलाई फलफुल तथा अलैचि पकेट क्षेत्रको रुपमा विकास कार्यलाई निरन्तरता दिइनेछ ।

६५. कृषिजन्य उत्पादनको प्रशोधन, ब्रान्डिङ र बजारीकरणलाई प्रोत्साहन गरिनेछ। कोभिडको कारण बन्द भएका वडा न. ३ को बकैया रंगशालाको माथिल्लो भेग थोकरटोल हाट बजारलाई थप व्यवस्थित बनाई नियमित रुपमा सञ्चालनमा ल्याइनेछ। साथै वडा नं. ४ को जुरेली हाटबजार, वडा नं. ७ को भिरकोट तथा वडा नं. ६ को जुईना हाटबजारलाई पुनः सञ्चालनमा ल्याई पालिकास्तरीय हाटबजारको रुपमा विकास गरिनेछ। साथै ***एक वडा-एक हाटबजारको*** नीतिलाई निरन्तरता दिदै सिलवन्दी दरभाउपत्र आवहान गरी निजी क्षेत्र, टोल विकास संस्था तथा सहकारीहरुको सहभागितामा सञ्चालन गरी स्थानीय उत्पादनको बजारीकरणलाई प्रवर्धन गरिनेछ ।

६६. कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गर्दै सिंचाइ, मलखाद, वीउ विजनको उपलब्धतामा जोड दिइनेछ। साथै सामुदायिक वनमा आधारित उद्यम र बाँझो तथा खाली जमिनमा फलफुल, जडिबुटी, बेदवाँस वृक्षारोपणको कार्यक्रम अन्य संघ संस्थाहरुसङ्गको समेत सहकार्यमा सञ्चालन गरिने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

६७. व्यवसायिक पशुजन्य उत्पादनलाई प्रोत्साहन गर्न ***एक वडा एक आधुनिक पशुपालन व्यवसायिक फर्म*** को विकासको नीतिलाई अङ्गाल्दै बकैया ११ पिपलडाँडा गाई फर्म, बकैया ७ हात्तीखोला गाई फर्म तथा वडा नं १, २, ६ र ८ को बाखा फर्मलाई थप व्यवस्थित गरिनेछ। साथै वडा नं ५,४,३,७,८,९,१०,११ लाई गाई भैंसि पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मनहरी(?)... मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

६८. ***बाँझो जग्गा हरियाली बनाऔं, आफ्नो गाउँपालिकाको उत्पादन देश विदेशमा पुर्याउ*** अभियान सञ्चालन गरिनेछ ।

६९. सम्पूर्ण बाँझो जग्गाको यथार्थ लगत राख **भूमी बैंक** स्थापना गरिनेछ। साथै बाँझो जग्गामा खेतीका लागि प्रोत्साहन गर्दै **करार खेती कार्यक्रमलाई** थप व्यवस्थित बनाइनेछ । जसको लागि नीजि कम्पनी तथा व्यक्तिहरुलाई लिजमा जग्गा उपलब्ध गराउने व्यवस्थाको नीतिलाई निरन्तरता दिईनेछ ।

७०. सम्भाव्यताको आधारमा ***एक वडा एक बाली, फलफूल र तरकारी*** कार्यक्रम संचालन गरी व्यवसायिक उत्पादनमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ ।

७१. सस्तो भान्सा सुधार कार्यक्रम अन्तर्गत मौलिक भान्सा विकासका लागि ***एक घर एक करेसाबारी*** कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

७२. कृषि उत्पादनमा वृद्धि गर्न लिफ्ट सिँचाइ, डिप बोरिङ, साना सिँचाइ, प्लास्टिक पोखरी जस्ता पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७३. प्रमुख खाद्यान्न बालीको गुणस्तरीय उन्नत बीउ उपलब्धता वृद्धि गर्नुका साथै स्थानीय रैथाने जातिका बीउहरुको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यलाई उच्च प्रथमिकता दिईनेछ ।

७४. गरगरेमा रहेको कृषि सेवा केन्द्र तथा पशु सेवा केन्द्रको पुन:संरचना गरी थप व्यवस्थित बनाईनेछ ।

७५. पशुपंक्षीहरुमा लाग्ने विभिन्न सङ्क्रामक रोगहरु विरुद्ध खोपको सुनिश्चितता गर्दै नश्ल सुधार तथा उन्नत जातको पशुपालनलाई प्रवर्द्धन गरिनेछ । साथै रैथाने/स्थानीय जातका पशुपंक्षीहरुको संरक्षण तथा उत्पादनमा जोड दिँदै आनुवांशिक स्रोत संरक्षण, प्रवर्धन गर्ने कार्यक्रमलाई संघीय सरकार, प्रदेश सरकार लगायत अन्य साझेदार निकायको समन्वयमा व्यवस्थित बनाइनेछ ।

७६. कृपकहरुलाई वित्तीय पहुँचको लागि कृषि ऋणकोषको व्यवस्था गरी बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्था र गाउँपालिकाको त्रिपक्षिय सम्झौतामा किसान कर्जा कार्ड वितरणको लागि पहल गरिनेछ ।

७७. कृषि तथा पशुपालन क्षेत्रमा युवाहरुलाई आकर्षण गरी स्वरोजगारको अवसर सिर्जना गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७८. कृषि तथा पशुजन्य उत्पादन वृद्धि गर्नको लागि न्यूनतम समर्थन मूल्य तोकि उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरंन्तरता दिई थप व्यापक बनाइनेछ



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

। साथै सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कृषि सहकारीसंग साझेदारी गरिनेछ ।

७९. कृषि तथा पशुजन्य उत्पादनको सम्भाव्यता अध्ययनको लागि विश्वविद्यालय, राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान, कृषि ज्ञान केन्द्र र पशु सेवा कार्यालय लागायतका निकायसँग समन्वय तथा सहकार्यलाई निरन्तरता दिईनेछ ।

८०. कृषि तथा पशुपंक्षि बिमामा कृषकको पहुँच अभिवृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

८१. पशु आहारमा आत्मनिर्भर बनाउन तथा उत्पादन लागत कम गर्न घाँस उत्पादन प्रवर्द्धन गरी उत्पादनमा आधारित अनुदान बितरणलाइ थप प्रभावकारी बनाइनेछ । साथै टि एम आरको लागी कच्चा पदार्थको रुपमा रहेको कोशे घाँस उत्पादन गर्ने किसानलाई थप प्रोत्साहन गरिनेछ ।

८२. विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै अर्गानिक खेतीलाइ प्रोत्साहन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८३. कृषि तथा पशुजन्य बस्तुको उत्पादन, कृषकको पहिचान भन्ने मूल नाराका साथ कृषकहरुको वर्गीकरण गरी कृषक पहिचान सहित कृषक परिचय पत्र वितरण गरिनेछ ।

८४. कृषि तथा पशुपंक्षी प्रयोगशाला सेवालाई प्रभावकारी बनाइनेछ । साथै आवश्यकतानुसार गाउँपालिका र अन्य सम्बन्धित निकायको समन्वयमा घुम्ती माटो परीक्षण शिविर तथा पशु स्वास्थ्य शिविर लगायतका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८५. सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासको लागि आवश्यक पहल गरिनेछ । साथै सहकारी संस्थाको संस्थागत क्षमताको अभिवृद्धि गर्दै एकै प्रकृतिका सहकारीहरुलाई एक आपसमा गाभ्ने तथा गाभिने तथा निष्कृय सहकारी संस्थाहरु विघटनको नीति लाई निरन्तरता दिईनेछ ।

८६. सहकारी क्षेत्रमा सुशासन कायम गर्न सहकारीहरुलाई प्रवर्द्धन, नियमन तथा अनुगमन गर्ने कार्यलाई तीव्रता दिदै सहकारी संस्थाहरु अनिवार्य रुपमा सहकारी तथा गरीवी सम्बन्धी व्यवस्थापन विघुतीय सूचना प्रणाली (CoPOMIS)मा आवद्ध हुनु पर्ने व्यवस्था गरिनेछ ।



Scanned with CamScanner

८७. प्रचलित सहकारी सम्बन्धी कानूनहरुको पालना नगर्ने तथा नियमानुसारको प्रगती प्रतिवेदनहरु नियामक निकायमा पेश नगर्ने सहकारीहरुलाई कानून बमोजिम कारबाही गरिनेछ ।

८८. सहकारी संस्थालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि एक वडामा एकै प्रकृतिका सहकारी संस्थाहरु एक भन्दा बढी दर्ता नहुने गरी व्यवस्था मिलाइनेछ ।

८९. उत्पादन, संकलन तथा प्रशोधनमा संलग्न सहकारी संस्थाहरुलाई प्रोत्साहन गरिनेछ ।

९०. लटरम्मेश्वर महादेव मन्दिर क्षेत्र, बकैया ठाकुर मन्दिर पर्यटन पार्क, गौतम बुद्ध पर्यटन पार्क तथा धनेश्वर पर्यटन पार्कलाई मुख्य पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता गरिनेछ। साथै रुद्रस्थली पर्यटन पार्क, सत्यस्वरुप महादेव मन्दिर क्षेत्र, मोरङ्गे धयरवास झरना, भुवनेश्वर मन्दिर क्षेत्र, सरस्वती भमरा पर्यटन पार्क, नाग झरना,फाप्लाङ झरना पर्यटन पार्क, बाकेथुम्के पर्यटन पार्क, हात्तीसुँडे छाडन पिकनिक पार्क, सेलडाँडा पर्यटन पार्क, छत्रेश्वर मन्दिर, गितावर वाल उद्यान, कुटि भकारी मन्दिर, नौखामे नार्गेल डाँडा दुधेश्वर महादेव मन्दिर, सत्केश्वार महादेव मन्दिर, सिमात झरना जस्ता रमणीय क्षेत्रको विकास विस्तार गर्दै मधेश प्रदेशको रौतहट बारा पर्सा भारतको विहारका पर्यटकहरुलाई आकर्षण गर्न बकैया १ र २ वडामा पर्यटन प्रवर्द्धन विशेष कार्यक्रम सञ्चालन गर्नुका साथै गाउँपालिकाका अन्य स्थानमा पर्यटन क्षेत्रको विस्तार कार्यलाई निरन्तरता दिईनेछ ।

९१. बकैया गाउँपालिका क्षेत्रभित्र साहसिक पर्यटन प्रवर्द्धनको लागि सम्भाव्यता अध्ययनको प्रकृया अगाडी बढाइनेछ ।

९२. सार्वजनिक-नीजि साझेदारीमा परम्परागत कृषिलाई प्रविधिको माध्यमबाट नमूना कृषि पर्यटन विकास कार्यक्रम संचालनको लागि आवश्यक पहल गरिनेछ ।

९३. तामाङ, घले, सिकारी सुनुवार तथा माझी समुदायमा आधारित होमस्टेको सम्भाव्यता अध्ययनको लागि थप पहल गरिनेछ ।

९४. पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न पर्यटन सडक, सिढि जस्ता भौतिक पुर्वाधार निर्माणको लागि थप पहल गरिनेछ ।

९५. आन्तरिक पर्यटन प्रवर्द्धन तथा कर्मचारीहरुलाई प्रोत्साहन गर्न पर्यटन काजको नीतिलाई निरन्तरता दिइनेछ ।

९६. प्रचलित कानून बमोजिम राष्ट्रसेवक कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ ।साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
नेपाल

९७. राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्नको लागि संघीय सरकारले बृद्धि गरे बमोजिमको महङ्गी भत्ता, यातायात, ईन्धन तथा आवासको व्यवस्था मिलाईनेछ । साथै कार्यालय सहयोगीहरुको समय सापेक्ष तलब बृद्धि गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

९८. गाउँपालिका स्तरको १५ शैयाको बकैया आभारभुत अस्पतालको भौतिक संरचना निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ । साथै उक्त अस्पताललाई प्रदेश स्तरको अस्पतालको रुपमा विकास गर्न बागमती प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

९९. नेपाल सरकारको नीतिको रुपमा रहेको नो होम डेलिभरी कार्यक्रमलाई सफल पार्न आवश्यकता अनुसार बर्थिङ्ग सेन्टरहरु व्यवस्थित गरी आवश्यकता अनुसार थप गरिनेछ । नो होम डेलिभरीलाई बढुवा दिन गर्भवतीलाई नि:शुल्क भिडियो एक्सरे सेवा, निशुल्क ल्याब सेवा, यातायात सुविधा लगायत सेवाग्राहीहरुलाई प्रोत्साहन गर्ने बिविध क्रियाकलापहरुलाई निरन्तरता दिईनेछ ।साथै सबै नागरिकहरुलाई निशुल्क रक्तसंचार सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

१००. २४ घण्टे आकस्मिक सेवालाई नियमित र प्रभावकारी बनाउनुका साथै पोषण सम्बन्धी कार्यक्रमहरुलाई बहुक्षेत्रीय लगानीका रुपमा निरन्तरता एवं पूर्ण पोषणयुक्त गाउँपालिका, पूर्ण खोप, पूर्ण संस्थागत प्रसुति बनाउनुका साथै उल्लेखित सेवाहरुलाई प्रभावकारी बनाउन एम्बुलेन्स सेवा विस्तार तथा शव वहानको व्यवस्था गर्नुका साथै दुर्गम क्षेत्रको लागि स्ट्रेचरको व्यवस्था समेत गरिनेछ । प्रसुती सेवाको लागि दिइने प्रोत्साहनलाई निरन्तरता दिइनेछ ।

१०१. सुत्केरी महिला र शिशुहरुलाई पोषणयुक्त खानेकुरा प्रदान गर्नका लगि संघीय, सरकार, प्रदेश सरकार तथा विभिन्न संघ संस्थाहरु सँगको समन्वयमा बहुक्षेत्रीय पोषण कार्यक्रमको थालनी गरिनेछ ।

१०२. स्वास्थ्य विमा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ । साथै द्वन्द पीडित तथा असहाय बालबालिकालाई स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ। द्वन्द पीडितहरुलाई परिचय पत्र व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

१०३. क्षयरोग, भिटामिन ए, विद्यालय स्वास्थ्य शिक्षा अन्तरक्रिया, स्वास्थ्य सम्बन्धी जनचेतना लगायतका थप कार्यक्रमहरु सञ्चालन गरि स्वास्थ्यका विषयवस्तुमा सबै नागरिकहरुलाई सुसूचित गराईनेछ ।

१०४. मानसिक स्वास्थ्य प्रवर्द्धन आत्महत्याको न्युनिकरण गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ ।

१०५. जेष्ठ नागरिक ज्ञान सीप र अनुभवको स्थानान्तरण एंव आत्मसम्मानको लागि जेष्ठ नागरिक मञ्च गठन गरी जेष्ठ नागरिक मिलन केन्द्रको स्थापनाको लागि आवश्यक थप पहल गरिनेछ ।

१०६. सरुवा रोगको साथ साथै नसर्ने रोगहरुको रुग्ण दरमा कमी ल्याउने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१०७. ग्रामिण आँखा उपचार केन्द्रको सेवा सुदृढिकरणको लागि आवश्यक व्यवस्थापन गरिनेछ। साथै आँखा शिविर कार्यक्रमलाई ग्रामिण स्तरमा पुर्‍याई मोतिबिन्दु पहिचान गरी निशुल्क शल्यक्रियाको लागि सम्बन्धित संघ संस्थाहरुसंग समन्वयन गरिनेछ ।

१०८. जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधारको निमित्त जेष्ठ नागरिक घरदैलो कार्यक्रमको सुरुवात गरिनेछ ।

१०९. स्वस्थ्य सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न स्वास्थ्यकर्मी सम्मेलन एवम् सम्मान जस्ता कार्यक्रमहरुको थालनी गरिनेछ ।

११०. बकैया आधारभूत अस्पतालमा गुणस्तरीयसेवा प्रवाहको निमित्त ल्याब, एक्सरे, भिडियो एक्सरे, विरामी भर्ना, शसुल्क फार्मेसी जस्ता सेवाहरुको व्यवस्था तथा विस्तारमा जोड दिइनेछ ।

१११. महिला स्वास्थ्य स्वयमसेविकाको कार्यलाई प्रभावकारी बनाईनेछ। महिला स्वास्थ्य स्वयमसेविका कोषलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

११२. मानव सेवा आश्रम, मामाघर नेपाल तथा सिविन नेपाल लगायतका संघ संस्थासँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

११३. बालविवाह, जातिय विभेद, सामाजिक कुरीति, घरेलु हिंसा, लैङ्गिक हिंसा, मानव बेचबिखन, विद्युतीय अपराध विरुद्धको अभियानलाई व्यापक रुपमा संचालन गरिनेछ ।

११४. लागु पदार्थ दुर्व्यसनी विरुद्धको अभियानलाई व्यापक बनाउन संघ, प्रदेश, नीजि क्षेत्र तथा विभिन्न संघ संस्थाका साथै समुदायसँग सहकार्य गरिनेछ। साथै मद्यपान

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल



Scanned with CamScanner

(जाड रक्सी) बिक्री वितरण जस्ता कार्यमा व्यवसायिक रुपमा संलग्न व्यक्ति तथा परिवारकोलागि वैकल्पिक व्यवसायको कार्यक्रम ल्याईनेछ ।

११५. अपाङ्गता भएका व्यक्तिहरुका लागि Corrective Surgery (करेक्टिभ सर्जरी) तथा आवश्यकताको आधारमा सहायक समाग्री वितरण तथा अपाङ्गमैत्री विकासलाई निरन्तरता दिईनेछ ।

११६. अपाङ्गता, लैङ्गिक तथा यौनिक अल्पसंख्या भएका व्यक्तिहरुलाई सम्मान पुर्ण जीवन यापन गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।अपाङ्ग मैत्रि सार्वजनिक संरचना तथा सेवा प्रवाहको थप व्यवस्था मिलाईनेछ ।

११७. ठिगन स्वास्थ्य चौकिको भवन निर्माणलाई पुर्णता दिईनेछ । साथै स्वास्थसंस्थाहरुको भौतिक संरचना सुधार तथा स्तरोन्नति गरिदै लगिनेछ ।

११८. खोप केन्द्र भवनको निर्माण कार्यलाई निरन्तरता दिईनेछ । साथै पूर्णखोप सुनिश्चितता साथै दिगोपन तथा जन्मदर्ता प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

११९. मानव जीवनको अन्तिम समयमा प्रदान गरिने ग्रामिण प्रशामक सेवालाई निरन्तरता दिईनेछ ।

१२०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न महिला, बालबालिका, दलित, आदिवासी जनजाती, पछाडि परेको वर्ग तथा समुदाय, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण गर्न आवश्यक लक्षित वर्ग उत्थान कार्यक्रम तथा क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१२१. महिला लक्षित गृहिणी महिला कार्यक्रमलाई प्रदेश सरकारसँग समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।साथै सोको लागी आवश्यकता अनुसार प्रतिस्पर्धा गराई निजि क्षेत्रको सहकार्यमा तालिम कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१२२. दलित, अल्पसंख्यक तथा पछाडि परेका वर्ग तथा समुदायको लागि विशेष सीप विकास तालिमको व्यवस्था गरिनेछ ।

१२३. बालमैत्री शासन अभियानलाई दिगोपनाका लागि बालमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै गाउँपालिकाको सामाजिक विकास शाखा मातहत रहने गरि बालमैत्री सिकाई केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१२४. १० वर्षे जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग र सहिद परिवार सहित बहिर्गमित परिवारलाई राहत तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरी जीविकोपार्जनमा सहयोग गर्न पहल गरिनेछ ।



...गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...मकवानपुर
बागमती प्रदेश, नेपाल

१२५. समृद्ध बकैया निर्माणको सपनालाई साकार बनाउन एक वडा एकै नमूना उद्यमशिल कार्यक्रम संचालनको नीतिलाइ निरन्तरता दिइनेछ।

आदरणीय सभाध्यक्ष महोदय,

गाउँ सभा सदस्यज्यूहरु,

१२६. सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यमबाट मात्र पठनपाठन गर्ने व्यवस्था क्रमश: विस्तार गर्दै लगिनेछ ।

१२७. सामुदियक विद्यालयहरुमा शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि कक्षा ३ सम्म कक्षा शिक्षण (Grade Teaching) पद्धतिको नीतिलाई निरन्तरता दिईनेछ ।

१२८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर,भौतिक संरचना सुधार शैक्षिक वातावरण सुधारको लागी काठमाडौ विश्वविद्यालयसँगको सहकार्यको लागी निरन्तरता दिईनेछ ।

१२९. समुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार तथा संस्थागत विकासगरी विद्यार्थीमैत्री वातावरणको विकास गरिनेछ । साथै खानेपानी, शौचालय तथा विद्यालय भवन निर्माणमा विभिन्न संघ संस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ।

१३०. जनप्रतिनिधि, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुले आफ्नो सन्तानलाई सामुदायिक विद्यालयमा अनिवार्य पढाउनु पर्ने नीति अवलम्बन गरिनेछ।

१३१. दलित सिमान्तकृत तथा विपन्न वर्गलाई शिक्षामा पहुँच अभिवृद्धि गर्न विशेष छात्रवृद्धिको व्यवस्था गरिनेछ ।

१३२. सामाजिक विकास अन्तर्गत एक पालिका एक प्राविधिक विद्यालयलाई पढ्दै गर्दै, सिक्दै कमाउदै प्राविधिक कार्य गर्नको लागि बीउ पूँजिको व्यवस्था मिलाई कार्यान्वयनमा ल्याइनेछ ।

१३३. जलवायु परिवर्तनलाई स्थानिय उत्थानशिल तथा अनुकूलन र कटौतीको नीति लिईनेछ साथै सोको लागी राष्ट्रिय प्राकृतिक संरक्षण कोष तथा सम्बन्धीत अन्य संघ संस्थाहरु सँग समन्वय तथा सहकार्य गरिनेछ ।

१३४. शिक्षाको गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विषय शिक्षक, प्रारम्भिक वालविकास सहजकर्ता, गाउँ शिक्षा समितिहरुलाई आ-आफ्नो भुमिका, उत्तरदायित्व, सीप विकास लगायत जिम्मेवारी वहन गर्न क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

१३५. विपन्न नागरिकलाई स्वास्थ्य उपचार र शिक्षामा पहुँच अभिवृद्धि गर्न विपन्न नागरिक सहायता कोषलाई थप व्यवस्थित बनाइनेछ। साथै विपन्न नागरिक सहायता कोषलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१३६. अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन, कक्षा अवलोकन, पृष्ठपोषणलाई जोड दिँदै गुणस्तरीय शिक्षा प्रवर्द्धन गरिनेछ।

१३७. विद्यालय साझेदारीमा एक विद्यालय एक उद्यम कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१३८. गाउँपालिका स्तरीय आवधिक शैक्षिक योजना निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

१३९. आवसीय विद्यालयको रुपमा संचालनमा रहेको गितावार आधारभूत विद्यालयलाई थप व्यवस्थित बनाइदै लगिनेछ । साथै शिक्षामा सुधार तथा पहुँच अभिवृद्धि गर्न महेन्द्र मा. वि., बुद्ध मा.वि., जनक मा. वि. बालबिकास आ. वि., र कान्ति मा.वि. लगायत अन्य सामुदायिक विद्यालयहरुलाई क्रमश आवश्यकताको आधारमा आवासीय विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ।

१४०. सामुदायिक विद्यालय सुधार कार्यक्रम अन्तर्गत प्रध्यानाध्यापक सँग कार्यसम्पादन करार सम्झौताको आधारमा कार्यसम्पादन मापनको आधारमा प्रोत्साहनको नीति लिइनेछ ।

१४१. गरीब, जेहेन्दार तथा विपन्न परीवारका विद्यार्थिहरुको लागि सहज रुपमा शैक्षिक सामग्री उपलव्ध गराउन शैक्षिक सामग्री बैंक स्थापना गरिनेछ ।

१४२. उच्च शिक्षामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका क्षेत्रमा वहुमुखी क्याम्पस स्थापना तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।सो को लागि स्थान तथा जग्गाको खोजि गरिनेछ ।

१४३. स्थानीय भाषा (तामाङ) पठनपाठनको लागि आवश्यक मानवीय तथा वित्तीय स्रोतको व्यवस्था मिलाइनेछ ।

१४४. सामुदायिक विद्यालयको माध्यामिक तहमा फरक फरक प्राविधिक तथा व्यवसायिक शिक्षाको थालनीको लागि आवश्यक थप पहल गरिनेछ ।

१४५. विद्यालयको दिवा खाजा कार्यक्रममा पत्रु खाना (जंक फुड) हटाई स्थानीय उत्पादनमा आधारित खाजालाई प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

१४६. सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर सुधार गर्न पालिका अन्तर्गका विद्यालयहरुमा कार्यरत शिक्षकको आवश्यकता अनुसार नियमित अन्तर विद्यालय सरुवा गरिने नीतिलाई निरन्तरता दिइनेछ ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हाँतीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

१४७. वडा नं. १२ को कान्ति माध्यामिक विद्यालयलाई स्तरोन्ती गरी कक्षा १२ सम्म पठन पाठन हुने व्यवस्था मिलाईनेछ । साथै कक्षा १० सम्म पढाई हुने सामुदायिक विद्यालयहरुलाई क्रमशः स्तरोन्नती गरी कक्षा १२ सम्म पढाई हुने व्यवस्था गरीनेछ ।

१४८. सामुदायिक विद्यालयका आधारभूत तह सम्मका विद्यार्थीहरुलाई रचनात्मक तथा सिर्जनसिल बनाई व्यवहारीक शिक्षा प्रदान गर्न प्रत्येक शुक्रबार ***नो बुक फ्राईडे*** कार्यक्रमलाई सञ्चालन गरिनेछ ।

१४९. खेलकुद क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास तथा स्तरोन्नती गरिदै लगिनेछ। साथै जुरेली कवर्डहल तथा खेलमैदान निर्माण सम्पन्नगरी संचालनमा ल्याईनेछ।

१५०. नागरिक आरोग्य केन्द्रको सशक्तिकरण गरी पालिका स्तरीय योग तथा ध्यान केन्द्र सञ्चालन गरिनेछ ।

१५१. कर्मचुली खेल मैदान स्तरोन्नती, जुरेली स्थित खेलकुद मैदानलाई मिनी रङ्गशालाको रुपमा विस्तार, जूईना खेलमैदानलाई क्रिकेट रंगशालाको रुपमा विकास तथा हात्तीसुडें स्थित बकैया रंगशालालाई गाउँपालिका स्तरीय रंगशालामा स्तरोन्नती गरिनेछ। साथै एक वडा एक खेलमैदान कार्यक्रम अन्तर्गत सरस्वती खेलमैदान, कालपानी खेलमैदान, भीरकोट खेलमैदान, तीनथुम्के खेलमैदान, सिमात खेल मैदान, सोवि खेलमैदान, भडौरा खेलमैदान, चम्पाखहरे खेलमैदान, खुईखोला खेलमैदान, ठुलोथली खेलमैदान, रातोथली खेलमैदान, गणेशडाँडा खेल मैदान, बिरेफाट खेलमैदानलाई र बकैया १० कालिमाटी खेलमैदान लगायतका खेलमैदान, स्तरोन्नतिको कार्यलाइ निरन्तरता दिईनेछ ।

१५२. ***स्वस्थ जीवनको लागि व्यायाम*** भन्ने नाराका साथ कम्तिमा एक खुल्ला व्यायामशाला निर्माण गरिनेछ ।साथै ।बकैया ५ देउडीमा ध्यानकेन्द्र निर्माण गरि मानव जीवनलाई आध्यात्मसँग जोड्न योग शिक्षा तथा योग शिविर संचालन गरिनेछ

१५३. गाउँपालिकामा सञ्चालन हुने बकैया कप फुटबललाई निरन्तरता दिइनेछ । साथै फुटबल, भलिवल, क्रिकेट, करांते, व्याडमिन्टन जस्ता खेल तथा खेलाडीहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ । साथै राष्ट्रिय माझी गोल्डकप फुटवल प्रतियोगितालाई प्रदान गर्दै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

१५४. बकैया गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीति निर्माण गर्नुका साथै रोजगार संवाद मञ्च सञ्चालनमा ल्याइनेछ।



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुडें, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

१५५. दिगो रोजगारी सिर्जना तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राखेर **"मिसन रोजगारी: दिगो रोजगारी र उघमशिलता प्रवर्द्धन अभियान"** सञ्चालन गरिनेछ ।

१५६. प्रधानमन्त्री रोजगार कार्यक्रम सँग स्थानीय तहबाट सामाग्री खरीदको लागि बजेट विनियोजन गरी लागत साझेदारीमा कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

१५७. वैदेशिक रोजगारीको लागि प्रदान गरिने श्रम स्वीकृति र नविकरण गर्न काठमाडौं वा चितौलिया सम्म धाउनु पर्ने विद्यमान अवस्थाको अन्त्य गर्दै रोजगार सेवा केन्द्र तथा वडा मार्फत नै श्रम स्वीकृति तथा नविकरण सेवालाई प्रभावकारी बनाईनेछ।

१५८. सुरक्षित आप्रवासन कार्यक्रम मार्फत वैदेशिक रोजगार सम्बन्धी कार्यक्रम बकैया गाउँपालिकाको सबै वडामा सञ्चालन गरिनेछ । साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अनलाइन मार्फत पालिका तथा वडा कार्यालयबाट सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

१५९. बकैया गाउँपालिका भित्र वैदेशिक रोजगारीको तथ्यांक संकलन तथा समावेश गरी वैदेशिक रोजगारीमा रहेको व्यक्तिहरुको पार्श्वचित्र तयार गरिनेछ ।

१६०. वैदेशिक रोजगारी तथा अन्य क्षेत्रबाट यस पालिकामा फर्किएका स्थायी बासिन्दालाई कृषि पेशामा आवद्ध गराउने कार्यलाई विशेष जोड दिने नीतिलाई निरन्तरता दिइनेछ।

१६१. रोजगारी अभिवृद्धी गर्न सीपमुलक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनुका साथै यस गाउँपालिकामा रहेका स्थानीय सीपहरुको अध्ययन गरी तथ्याङ्क संकलन गरी बजारिकरण गरिनेछ ।

१६२. बालश्रम अन्त्यको लागि पालिका स्तरीय बालश्रम निवारण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६३. सञ्चारको पहुँच अभिवृद्धि गर्न मोवाईल नेटवर्क तथा ईन्टरनेट सुविधा विस्तारका लागि सम्बन्धित निकायसंग आवश्यक समन्वय गरिनेछ ।

१६४. बकैया २ कालापानी धियाल तथा बकैया ७ तल्लो सिंतान टोल गोत्रे खहरे सम्म फैलिएर रहेको युरेनियमको जोखिम न्यूनिकरणको लागि सरोकारवाला निकायसँग आवश्यक समन्वय गरिनेछ ।

१६५. बकैया ८ र ९ मा फलाम खानीको सम्भाव्यता अध्ययनको लागि नेपाल सरकार र बागमती प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल

१६६. गाउँपालिकामा स्थित रहेको निस्सा कार्ड प्राप्त ऐलानी तथा आकँडा जग्गा उपभोगलाई समेत राजश्वको दायरामा ल्याउन भोगचलन शुल्कको लागि आवश्यक मापदण्ड बनाई लागु गरिनेछ ।

१६७. ढुंगा, गिट्टि, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गुरीनेछ । साथै नदीजन्य पदार्थको उत्खनन् तथा बिक्रि वितरणको कार्य मापदण्ड बमोजिम गरिनेछ ।

१६८. खरको छानामुक्त गाँउपालिका निर्माण गर्ने अभियान अन्तर्गत विपन्न बर्ग, द्वन्द पीडित, सहिद परिवार, सिमान्तकृत बर्गलाई प्राथमिकतामा राखेर जस्ताको छाना छाउने कार्यक्रम अनुदानको पहललाई निरन्तरता दिईनेछ ।

१६९. सवदाह गृह निर्माणका लागि हात्तीसुडें लोहाजोर देवताखोला, बकैया-सिमात खोला, सिमात ठाटीखोला दोभान, खुईखोला डाँडा, त्रिवेणिधाम बकैया ६ तथा तामाखोला भन्दा माथि डाँडा लगायतका स्थानमा पहिचान गरी निर्माण गरिनेछ ।

१७०. बकैया खोला, सिमात खोला लगायतका खोलाहरुमा विष हाल्ने, करेन्ट लगाई माछा मार्ने लगायतको गैर कानूनी गतिविधिलाई नियन्त्रण गर्न उक्त गतिविधमा संलग्नलाई कानुनी दायरामा ल्याई कारवाही गरिनेछ ।

१७१. अन्य स्थानीय तहसँगको समन्वय, सहकार्य र सहसम्वन्धलाई प्रवर्धन गर्न जोड दिईनेछ ।

१७२. बकैया गाउँपालिका भित्र शान्ति सुरक्षा कायम राख्न मुख्य बजार क्षेत्र तथा मुख्य सडकहरुमा CCTV को व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१७३. पालिकाको वर्तमान नीति,कानुन तथा कार्यविधि पुनरावलोकन गरि समय सापेक्ष परिमार्जन गरिनेछ ।

१७४. स्थानीय तथा वडा स्तरका विपद् जोखिम समितिहरु मार्फत विपद् जोखिमका लागि आपतकालिन उद्धार, राहत, पूनस्थापना तथा आपतकालिन तालिम संचालन तथा आवश्यक सामग्रीहरु व्यवस्था गरिनेछ ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

सम्मानित गाउँसभामा प्रस्तावित यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात् यस गाउँपालिकाको राजनीतिक, आर्थिक र सामाजिक व्यवस्थामा उल्लेख्य सुधार भई



बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुडें, मकवानपुर
बागमती प्रदेश, नेपाल

सामाजिक न्याय स्थापित हुने र नागरिकको जीवनस्तरमा सुधार तथा रुपान्तरण हुने विश्वास गरेको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनमा यस गाउँपालिकालाई हितकारी संघ र संस्था तथा नागरिक समाजबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै  नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, आमसञ्चार लगायत सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

गाउँपालिकाको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैको महत्वपूर्ण भूमिका रहने अपेक्षा गर्दै यस गाउँपालिकाका सम्पूर्ण नागरिकहरुबीच समन्वय समझदारी एवम् सहकार्यको आशा गर्दछु ।धन्यवाद।।।

भक्त बहादुर खत्री
उपाध्यक्ष
बकैया गाउँपालिका

मितिः २०८२ असार १० गते

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल